कम्पनीले आफ्नो जारी पूँजी रु.१०,००,००,००,०००/- को २०% अर्थात् रु.२,००,००,००,०००/- रकम बराबरको रु.१००/- अंकित दरको २,००,००,००० कित्ता साधारण शेयर सर्वसाधारणलाई छुट्याइएको मध्ये सोलुखुम्बु जिल्लाको आयोजना प्रभावित क्षेत्रको लागि छुट्याइएको १,००,००,००० कित्ता मध्ये आयोजना अति प्रभावित क्षेत्र सोलु दुधकुण्ड नगरपालिकाको वडा नं. ७, ११ र थुलुङ दुधकोशी गाउँपालिकाको वडा नं. १ को स्थानीय बासिन्दाहरुका लागि ४०% अर्थात ४०,००,००० कित्ता, प्रभावित क्षेत्र माथि उल्लेखित नगरपालिका र गाउँपालिकाका वडाहरु बाहेकका सोलु दुधकुण्ड नगरपालिका र थुलुङ दुधकोशी गाउँपालिका लागि ३५% अर्थात ३५,००,००० कित्ता तथा अति प्रभावित क्षेत्र र प्रभावित क्षेत्र बाहेकका सम्पूर्ण सोलुखुम्बु जिल्लाका बासिन्दाहरुका लागि २५% अर्थात २५,००,००० कित्ता साधारण शेयर निष्काशन गरिएकोमा सो को pre Allotment भई सकेको र बाँकी १०% अर्थात रु.१,००,००,००,०००/- रकम बराबरको रु.१००/- अंकित दरको १,००,००,००० कित्ता साधारण शेयरको १०% अर्थात १०,००,००० कित्ता साधारण शेयर नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्वीकृति प्राप्त गरी विदेशमा बसी रोजगार गरिरहेका नेपाली नागरिकहरुको लागि बाँडफाँड गरे पश्चात् ५ प्रतिशत अर्थात ५,००,००० कित्ता साधारण शेयर सामूहिक लगानी कोष र ३ प्रतिशत अर्थात ३,००,००० कित्ता साधारण शेयर कम्पनीका कर्मचारीहरुका लागि सुरक्षित गरी बाँकी ८२,००,००० कित्ता साधारण शेयरहरु सर्वसाधारणमा सार्वजनिक निष्काशन गरिएको।

दरखास्त दिनु पर्ने न्यूनतम शेयर संख्या : १0 कित्ता

दरखास्त दिन पाउने अधिकतम शेयर संख्या : १,00,000 कित्ता

दरखास्तसाथ प्रति शेयर रु.१००/- का दरले शत्प्रतिशत भुक्तानी गर्नुपर्ने।

नेपाल धितोपत्र बोर्डबाट विवरण-पत्र स्वीकृत भएको मिति २०८२/०७/२४ तथा कम्पनी रजिष्ट्रारको कार्यालयमा विवरण-पत्र दर्ता भएको मिति २०८२/०७/२५

कम्पनी ऐन, २०६३ अन्तर्गत स्थापित र संचालित

सोलु हाईड्रोपावर लिमिटेड
Solu Hydropower Limited

रजिष्टर्ड ठेगाना : त्रिवेणी कम्पलेक्स, का.म.न.पा. वडा नं.२८, पुतलीसडक, काठमाण्डौं, फोन: ०१-५३४२३१७
इमेल: info@soluhydro.com वेवसाइट:www.soluhydro.com

आह्वान-पत्र

यो विवरण-पत्र नभई केवल आह्वान-पत्र मात्र हो ।

संक्षिप्त वित्तिय विवरण

विवरण	वास्तविक			अपरिष्कृत *आ.व २०८१/०८२ आषाढ मसान्त	प्रक्षेपित		
	आ.व. ०७८/७९	आ.व. ०७९/८०	आ.व. ०८०/८१		*आ.व. ०८२/८३	*आ.व. ०८३/८४	*आ.व. ०८४/८५
प्रति शेयर नेटवर्थ (रु.)	९९.९५ #	९९.९६	१००.२१	१३५.४५	१३७.८७	१५०.१८	१६३.२७
प्रति शेयर आम्दानी (रु.)	०.०५	(०.०१)	०.२३	३.३९	९.५१	१२.३१	१३.०८
प्रति शेयर नेटवर्थ (रु.) **	-	-	-	१००.२	१०९.५	१२१.८	१३४.९
प्रति शेयर आम्दानी (रु.)**	-	-	-	०.०२	९.३०	१२.३१	१३.०८
जगेडा तथा कोष (रु.)	(२,५१४,६७३)	(२,७७८,६२३)	१५,८९६,३८४	२,८३५,७५९,१४६	३,७८७,१३४,८४४	५,०१८,२१८,५०६	६,३२६,५३८,०६५

*NFRS अनुसारको व्यवस्थापन र लेखापरीक्षकबाट प्रमाणित असार मसान्तको अपरिष्कृत वित्तीय विवरण तथा प्रक्षेपित विवरण। ** IFRIC 12 को आम्दानी घटाई आउने प्रति शेयर नेटवर्थ र प्रति शेयर आम्दानी।
सोलु हाइड्रोपावर लिमिटेडको आर्थिक वर्ष २०७८/७९ मा अधिकृत पूँजी रु.५ अर्ब रहेको थियो, जुन ५ करोड कित्ता शेयरहरू (प्रति शेयर दर रु.१००/- मार्फत निर्धारण गरिएको थियो। सोही आर्थिक वर्षको आषाढ मसान्तसम्ममा कम्पनीको चुक्ता पुँजी रु.२,६५,३५,३४,६९४/- रहेको थियो, जुन प्रति शेयर रु.५३.१ का दरले चुक्ता भइसकेको रकम हो। आर्थिक वर्ष २०७८/७९ को अन्त्यसम्म कुल चुक्ता पूँजीको आधारमा नेटवर्थ गणना गर्दा कम्पनीको कुल नेटवर्थ रु.५३ करोड रहेको देखिन्छ। यस नेटवर्थलाई प्रति कित्ता रु.५३.१ चुक्ता पूँजीका आधारमा रूपान्तरण गर्दा, प्रति कित्ता शेयरको नेटवर्थ रु.९९.९१ पुगेको छ।
नोट: कम्पनीको आ.व.२०८०/८१ का वित्तीय प्रतिवेदन नेपाल वित्तीय प्रतिवेदन मापदण्ड (NFRS) मा Restated (व्यवस्थापन र लेखापरिक्षकबाट प्रमाणित) गरेको र सो सम्बन्धी व्यहोरा विवरणपत्रको पृष्ठ नं. ३३ मा पेश गरिएको छ। आ.व.२०७९/८० र आ.व. २०७८/७९ को वित्तीय विवरण NFRS मा Restated नगरिएको यदि गरिएको भए NFRS र NAS लेखा सिद्धान्त अनुरुप तयार गरिएको वित्तीय विवरणमा केही अंक र प्रस्तुतीकरणमा फरक देखिने सम्भावना रहेको छ।

सर्वसाधारणहरुका लागि साधारण शेयरको बिक्री खुल्ला अवधि:

निष्काशन खुल्ला हुने मिति	:	२०८२/०९/२९ गते देखि
निष्काशन बन्द हुने मिति (छिटोमा)	:	२०८२/१०/०४ गते (बैंकिङ्ग समय पश्चात्) सम्म
निष्काशन बन्द हुने मिति (ढिलोमा)	:	२०८२/१०/१४ गते (बैंकिङ्ग समय पश्चात्) सम्म

विद्युत परियोजनाको नाम	तल्लो सोलु जलविद्युत आयोजना
कुल अनुमानित लागत रकम करोडमा	रु.१६३०.४०
प्रति मेगावाट अनुमानित लागत रकम करोडमा	रु.१९.८८
विद्युत उत्पादन अनुमति प्राप्त गरेको मिति (वि.स.)	२०७०/१२/०५
विद्युत उत्पादन अनुमति बहाल रहने मिति (वि.स.)	२१०६/१२/०४
विद्युत उत्पादन अनुम तिको बाँकी अवधि	२५ वर्ष
आयोजनाको साधारण लगानी फिर्ता हुने अवधि	७.६८ वर्ष
आयोजनाको डिस्काउन्टमा लगानी फिर्ता हुने अवधि	१२.०९ वर्ष

लगानीकर्ताले धितोपत्रको सार्वजनिक निष्काशनमा आवेदन दिंदा अनिवार्य रुपमा उक्त निष्काशनको लागि तयार गरेको विवरणपत्र पढी आफ्नो स्वविवेकले दरखास्त दिनुहुन अनुरोध गर्दछौं ।

क्रेडिट रेटिङ्ग सम्बन्धी व्यवस्था: स्वीकृत विवरण-पत्र अनुसार सार्वजनिक रुपमा निष्काशन गर्न लागिएको साधारण शेयरको लागि "क्रेडिट रेटिङ्ग नियमावली, २०६८" को नियम ३ मा भएको व्यवस्था बमोजिम नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त इन्फोमेरिक्स क्रेडिट रेटिङ्स नेपाल लिमिटेड (Infomerics Credit Ratings Nepal Ltd), काठमाण्डौबाट क्रेडिट रेटिङ्ग गराई मिति २०८२/०३/२६ गते "IRN BB± (IS) (Double B [Issuer])" प्रमाणपत्र प्राप्त गरेको छ। उक्त क्रेडिट रेटिङ्ग प्राप्त गर्ने संस्थालाई समयमा नै वित्तीय दायित्व पुरा गर्ने सम्बन्धमा मध्यम मात्रामा सुरक्षित मानिन्छ। (moderate risk of default regarding timely servicing of financial obligation)। इन्फोमेरिक्स क्रेडिट रेटिङ्स नेपाल लिमिटेडले IRN AAA(Is) देखि IRN D (Is) सम्मको रेटिङ्ग प्रदान गर्दछ। जसमा IRN AAA(Is) ले बलियो आधार जनाउँछ भने IRN D (Is) ले कमजोर आधार जनाउँछ। रेटिङ्ग संकेत पछाडि रहने + (जोड) वा – (घटाउ) चिन्हले सम्बन्धित रेटिङ्ग वर्ग भित्रको तुलनात्मक स्थितीलाई जनाउँदछ। यस सम्बन्धी विवरण पत्रको पृष्ठ ५८, दफा ग.२२ (ट) उल्लेख गरिएको छ।
क्रेडिट रेटिङ्ग प्रदान गरेको मिति : २०८२/०३/२६ क्रेडिट रेटिङ्ग बहाल रहने मिति : २०८३/०३/१०

१. कम्पनीको नाम : सोलु हाइड्रोपावर लिमिटेड (Solu Hydropower Ltd.)।

२. कुन ऐन अन्तर्गत स्थापित भएको सो कुरा :

कम्पनी ऐन, २०६३ अन्तर्गत स्थापित।

३. संस्थाको रजिष्टर्ड ठेगाना :

यस कम्पनीको रजिष्टर्ड कार्यालय काठमाण्डौ जिल्ला, का.म.न.पा.वडा. नं.२८, पुतलीसडक, त्रिवेणी कम्पलेक्स, काठमाण्डौंमा रहेको छ। सम्बन्धित निकायमा आवश्यकतानुसार स्वीकृती लिई अन्य ठाउँमा पनि शाखा कार्यालय खोल्न सकिनेछ ।

४. जलविद्युत केन्द्र :

यस कम्पनीको जलविद्युत उत्पादन केन्द्र सोलुखुम्बु जिल्लाको सोलुदुधकुण्ड नगरपालिका वडा.नं.११ तिङ्गलामा रहेको छ।

५. कम्पनीको स्थापना कालदेखि हालसम्मको संक्षिप्त इतिहास र संस्थाको मुख्य उद्देश्यहरु :

कम्पनीको स्थापना कालदेखि हालसम्मको संक्षिप्त इतिहास देहाय बमोजिम रहेको छ :

१. एसेल-क्लिन सोलु हाइड्रोपावर प्राईभेट लिमिटेड नामबाट मिति २०६७/०२/२६ मा कम्पनी रजिष्ट्रारको कार्यालयमा प्राइभेट कम्पनीको रुपमा दर्ता भई मिति २०७२/१२/०२ मा सोलु हाइड्रोपावर प्राईभेट लिमिटेडमा नाम परिवर्तन भई कारोबार संचालन गर्दै आएको थियो। साथै मिति २०७९/०३/२९ गते कम्पनी रजिष्ट्रारको कार्यालयको निर्णय अनुसार प्रा.लि.बाट परिवर्तन भई पब्लिक लिमिटेड कम्पनीमा परिणत भएको हो।
२. यस कम्पनीमा ९५ जना संस्थापक शेयरधनीहरु रहेका छन्। यस कम्पनीका संस्थापक शेयरधनीहरु नेपालको विभिन्न प्रतिष्ठित व्यापारीक समूहमा आबद्ध भएका बहुप्रतिष्ठित व्यक्तित्वहरु रहेका छन्। उहाँहरुमा विद्युत, बैंक/वित्तीय क्षेत्र, स्वास्थ्य, शैक्षिक क्षेत्र एवं व्यापार/व्यवसायको साथै व्यवस्थापन क्षेत्रमा लामो समयदेखि दखल रहेको छ।
३. कम्पनीले तल्लो सोलु जलविद्युत आयोजना (८२ मेगावाट), उत्पादन तथा संचालन गर्न नेपाल सरकार, ऊर्जा मन्त्रालयबाट मिति २०७०/१२/०५ (अनुमतिपत्र संख्या: वि.वि.वि. ०७०/०७१ वि.उ. ११८) मा ८२ मे.वा विद्युत उत्पादनको अनुमतिपत्र प्राप्त भएको छ र उक्त अनुमतिपत्र मिति २०७८/०९/२१ मा भएको संशोधन अनुरुप मिति २१०६/१२/०४ गते सम्म बहाल रहनेछ।
४. कम्पनीले निर्माणकार्य गरि रहेको तल्लो सोलु जलविद्युत आयोजनाबाट उत्पादन गरिएको विद्युत एक मुष्ठ नेपाल विद्युत प्राधिकरणले खरीद गर्न मञ्जुर गरी कम्पनी र नेपाल विद्युत प्राधिकरण बीच मिति २०७०/०७/१५ मा विद्युत खरीद बिक्री सम्झौता समेत सम्पन्न भैसकेको छ। साथै उक्त सम्झौताको पहिलो, दोस्रो, तेस्रो, चौथो तथा पाचौं संशोधन मिति क्रमशः २०७२/०९/२२ गते, २०७७/०४/०६ गते, २०७७ /०६/३० गते, २०७८/०९/०२ गते तथा २०७९/०३/१७ गतेमा भएको थियो।
५. कम्पनी र नेपाल विद्युत प्राधिकरण बीच मिति २०७०/०७/१५ मा तल्लो सोलु हाइड्रोपावर आयोजना ८२ मे.वा. को विद्युत खरिद बिक्री सम्झौता (PPA) अनुसार व्यापारिक विद्युत उत्पादन सुरु गर्नु पर्ने मिति (RCOD) २०७५/०४/०१ गते (तद्नुसार जुलाई १७, २०१८) रहेको थियो। यस कम्पनी र नेपाल विद्युत प्राधिकरण बीच मिति २०७९/०३/१७ मा तल्लो सोलु जलविद्युत आयोजना ८२ मे.वा. को विद्युत खरिद बिक्री सम्झौता पाचौ संशोधन (PPA) अनुसार व्यापारिक विद्युत उत्पादन सुरु गर्नुपर्ने मिति (RCOD) २०७८/११/०२ गते (तद्नुसार फेब्रुवरी १४, २०२२) रहेको थियो। हाल विद्युत उत्पादन सुरु गर्नुपर्ने मिति (RCOD) मिति गुज्रिएकोमा उक्त मिति थप गर्ने सम्बन्धमा नेपाल विद्युत प्राधिकरण समक्ष विद्युत उत्पादन सुरु गर्नुपर्ने मिति (RCOD) परिमार्जनका लागि मिति २०८०/०५/१९ मा निवेदन दिइएको छ। व्यापारिक उत्पादन शुरु भएको मिति २०८२/०४/२४ रहेको छ।
६. यस कम्पनीले सोलुखुम्बु जिल्लाको सोलु दुधकुण्ड नगरपालिकाको सोलु खोलाको पानी उपयोग गरी ८२ मे.वा. क्षमताको तल्लो सोलु जलविद्युत आयोजना निर्माण कार्य सम्पन्न गरेको छ। संगठित संस्थाको तल्लो सोलु जलविद्युत आयोजनाको संक्षिप्त प्राविधिक विवरणहरु निम्नानुसार रहेको छ :

विद्युत परियोजनाको नाम	तल्लो सोलु जलविद्युत आयोजना
विद्युत गृह स्थल	सोलुदुधकुण्ड नगरपालिका वडा.नं.११,तिङ्गला
श्रोत नदी	सोलु खोला
आयोजनाको किसिम	रन अफ रिभर
विद्युत उत्पादन अनुमति प्राप्त मिति:	२०७०/१२/०५
विद्युत उत्पादन अनुमति वहाल रहने मिति:	२१०६/१२/०४
व्यापारिक उत्पादन शुरु भएको मिति	२०८२/०४/२४
क्षमता	८२ मे.वा.
आयोजनाको कुल लागत (रु.) (Interest During Construction, IDC सहित)	१६,३०४,०३७,८७५
आयोजनाको प्रति मेगावाट लागतः (रु.)	१९८,८२९,७३०
आयोजनाको साधारण लगानी फिर्ता हुने अवधि (वर्ष) :	७.६८
आयोजनाको डिस्काउण्टमा लगानी फिर्ता हुने अवधि (वर्ष) :	१२.०९
नेट प्रेजेन्ट भ्यालु Net Present Value (NPV) (रु.)	५४३ करोड
इन्टरल रेट अफ रिर्टन Internal Rate of Return	११.६३%

आयोजना सम्बन्धी विस्तृत विवरण :

आयोजनाको मुख्य संरचनाहरु सोलु खोलाको दाँया किनारामा पर्दछन्। ब्यारेज (Barrage) को दाँया किनारा सोलुखम्बु जिल्लाको तिङ्गला गा.वि.स. र बाँया किनारा सोही जिल्लाको गार्मा गा.वि.स. पर्दछन्। Intake र बालुवा थिग्राउने (Settling Basin) सोलु खोलाको बाँया किनारास्थित गार्मा गा.वि.स. मा रहने छन्। बाँया किनारामा रहेको Settling Basin बाट दाँया किनारामा रहेको हेडरेस टनेल (सुरुङ्ग) तर्फ पानी लैजान स्टील पाइपको (Approach Conduit) प्रयोग गरिने छ। विद्युत गृह सालुखुम्बु जिल्लाको तिङ्गला गा.वि.स. स्थित सोलु खोलाको दाँया किनारामा रहने छ।

क) **हेडवर्क्स (Headworks)** : आयोजनाको लागि पानी फर्काउने ब्यारेज को लम्बाई ६२.१ मी., चौडाई ७३ मी. उचाई ७.५ मी. तथा Highest Regulating Water Level समुद्री सतहबाट १७६४.५ मी. हुनेछ। खोलामा ४.५ मि. चौडाई र २.७ मि. उचाईको चारवटा side intake निर्माण गरिनेछ।
ख) **बालुवा थिग्राउने पोखरी (Settling Basin)** : १४९.५ मी. लम्बाई र २.६ मी. ब्यास भएको स्टील पाइप (Approach Conduit) हुदै १०० मी. लम्बाई, १० मी. चौडाई र ८.८ मी. गहिराईको दुईवटा च्याम्बर भएको भुमिगत बालुवा थिग्राउने पोखरी (Settling Basin) सम्म लगिनेछ।
ग) **हेडरेस सुरुङ्ग (Headrace Tunnel)** : Settling Basin बाट निस्केको पानीलाई ३.२ मी. ब्यास र ४३१२.९ मी. लम्बाईको हेडरेस सुरुङ्गमा पठाइनेछ। ३११.१८ मी. र १६८.८४ मी. लम्बाईका दुईवटा जोड्ने सुरुङ्ग (Audit Tunnel) समेत बनाइनेछ।
घ) **सर्ज टयांक (Surge Tank)** : Headrace Tunnel बाट आएको अर्धसतही ७२ मी.उचाई र ८ मी./६ मी.व्यास भएको सर्ज टयांकमा पुर्याईनेछ।
ङ) **भुमिगत पेनस्टक पाईप (Underground Penstock Pipe) तथा विद्युत गृह (Power house)** : १८१३.५ मी.लम्बाई, २.८ मी. ब्यास भएको भुमिगत पेनस्टक पाइपबाट निस्केको पानीलाई ५६ मी. लम्बाइ, २५.५ मी. चौडाई र ३४.७ मी. उचाई भएको अर्धभुमिगत विद्युत गृहमा पुर्याईनेछ। विद्युत गृहमा २ वटा ४१.८४ मे.वा. क्षमताका pelton turbine र ४५.५५५ MVA क्षमताको ११ kV को दुईवटा जेनेरेटर जडान गरिनेछ। विद्युत गृहको स्विचयार्डमा सातवटा १७ MVA, ११/१३२ kV, ५० हर्ज फ्रिक्वेन्सीको ट्रान्सफरमर रहनेछन्।
च) **टेलरेस (Tailrace)** : विद्युत गृहबाट निस्केको पानीलाई (१.८ देखि ४) मी. चौडाई, २.८५ मी. उचाई र १५६.३२ मी. लामो टेलरेस नहर (Rectangular concrete structure with closed and free surface flow) मार्फत सोलु खोलामा पठाइनेछ। टेलरेस नहरमा न्युनतम जल सतह (Minimum Tail Water Level) समुन्द्री सतहबाट १२६६.५ मी. रहनेछन्।
छ) **प्रसारण लाईन (Transmission Line)** : नेपाल विद्युत् प्राधिकरण (NEA) को स्वामित्व र सञ्चालनमा रहेको तिङ्ला सबस्टेसन विगत तीन वर्षभन्दा बढी समय देखि सञ्चालनमा रहेको छ। लगभग ३५० मेगावाटको विद्युत् निकासी क्षमता रहेको यस सबस्टेसनले यस क्षेत्रको विद्युत् प्रसारणका लागि एक महत्वपूर्ण केन्द्रको रूपमा सेवा प्रदान गरिरहेको छ।

यस क्षेत्रका धेरैजसो जलविद्युत् आयोजनाहरू पहिले नै तिङ्ला सबस्टेसनसँग जडान भइसकेका छन् र ती आयोजनाहरूले सफलतापूर्वक विद्युत् प्रवाह गरिरहेका छन्। तीमध्ये प्रमुख आयोजनाहरु निम्नानुसार रहेका छन्:

- सोलु दूधकोशी जलविद्युत् आयोजना (८६ मेगावाट)
- अपर सोलु जलविद्युत् आयोजना (२३.५ मेगावाट)
- मिड सोलु जलविद्युत् आयोजना (११ मेगावाट)
- बेनी जलविद्युत् आयोजना (१५ मेगावाट)

उल्लेखित आयोजनाका अतिरिक्त ओखलढुंगा जिल्ला स्थित मालुङ्ग जलविद्युत परियोजना (६ मेगावाट) पनि ३३ केवीको प्रशारण लाइनसँग तिङ्गला सबस्टेसनमा जडान भईसकेको छ। विद्युत निकासीलाई सहज बनाउनका लागि, ४.३ किमी लामो १३२ केवीको प्रशारण लाइन तल्लो सोलु आयोजना स्थलबाट तिङ्गला सबस्टेसनमा विद्युत जडान गर्नेको लागि प्रसारण लाईन निर्माण गरिएको छ। यो प्रशारण लाइन पूर्ण रूपमा निर्माण भएको र सञ्चालनको लागि तयार गरिएको छ। यो परियोजना सम्पन्न भए पश्चात् राष्ट्रिय ग्रिडसँग समायोजन गरि, यस मार्फत विद्युत निकासी सुरु हुनेछ।

ज) यो आयोजनाको निर्माणकार्य सम्पन्न भई मिति २०८२/०४/२४ गतेदेखि व्यापारिक उत्पादन शुरु भई सकेको छ।

सि.न.	विवरण	कार्य प्रगती	कार्य सम्पन्न %
१	वित्तीय व्यवस्थापन	सम्पन्न	१००%
२	हेडवर्क्स (Headworks)	सम्पन्न	१००%
३	हेडरेस सुरुङ्ग (एक्सक्याभेसन) HRT (Excavation)	सम्पन्न	१००%
४	हेडरेस सुरुङ्ग (कँक्रिट लाईनिङ्ग) HRT (Concrete Lining)	सम्पन्न	१००%
५	सर्ज टयांक (Surge Tank)	सम्पन्न	१००%
६	पावर हाउस (Power House)	सम्पन्न	१००%
७	टेल रेस (Tailrace)	सम्पन्न	१००%
८	इ एम वर्क (EM works)	सम्पन्न	१००%
९	यच एम वर्क (HM works)	सम्पन्न	१००%
१०	भल्भ हाउस (Valve House)	सम्पन्न	१००%
११	पेनस्टक (Penstock)	सम्पन्न	१००%
१२	प्रशारण लाईन (Transmission Line)	सम्पन्न	१००%

(२) कम्पनीले प्राधिकरणलाई तिर्नु पर्ने हर्जाना रकम = (०.२८ × कन्ट्याक्ट इनर्जीको आधारमा गणना गर्दा आउने व्यापारिक उत्पादन शुरु गर्नु पर्ने मिति भन्दा ६ महिनापरको मिति देखि व्यापारिक उत्पादन शुरु हुने मिति बीचको दिन अन्तरको अवधिको उर्जा × व्यापारिक उत्पादन शुरु हुने मिति (COD) मा लागू हुने खरिद दर) वा ऋण सम्झौता अनुसार उक्त अवधिको ब्याज मात्र तिर्नका लागि पुग्ने रकमबाट (०.१७ × कन्ट्याक्ट इनर्जीको आधारमा गणना गर्दा आउने व्यापारिक उत्पादन शुरु गर्नु पर्ने मिति भन्दा ६ महिनापरको मिति देखि व्यापारिक उत्पादन शुरु हुने मिति बीचको दिन अन्तरको अवधिको उर्जा × व्यापारिक उत्पादन शुरु हुने मिति (COD) मा लागू हुने खरिद दर) घटाउँदा हुन आउने रकम मध्ये जुन घटी हुन्छ।

विद्युत नदिएमा वा नलिएमा क्षतिपूर्ति तिर्नु पर्ने सम्बन्धी मुख्य बुँदाहरु :

- प्राधिकरणले प्रत्येक महिना आयोजनाबाट कन्ट्याक्ट इनर्जीको परिमाण सम्मको Availability Declaration अनुसारको इनर्जी खरिद गरी लिनेछ। यस अनुसार प्राधिकरणले लिनु पर्ने उर्जा Forced Outage को कारणले लिन नसकेमा वा Dispatch Instruction को कारणले नलिएमा सम्झौताको अनुसूचि ३ को प्रावधान अनुसार प्राधिकरणले कम्पनीलाई क्षतिपूर्ति तिर्नु पर्नेछ।
- कन्ट्याक्ट इनर्जी वा Availability Declaration को आधारमा गणना हुने मासिक उर्जा मध्ये जुन घटी छ सो को ८० (असी) प्रतिशत भन्दा कम नहुने गरी प्रत्येक महिना कम्पनीले आयोजनाबाट विद्युत उत्पादन गरी प्राधिकरणलाई विद्युत आपूर्ति गर्नु पर्नेछ। प्राधिकरणको कारण वा Schedule Outage वा आकस्मिक मर्मत संभार वा काबु बाहिरको परिस्थितिको कारण बाहेक अन्य कारणले यसरी तोकिएको परिमाण सम्मको विद्युत कम्पनीले आपूर्ति गर्न नसकेमा वा नगरेमा निम्न सूत्र अनुसार कम्पनीले प्राधिकरणलाई क्षतिपूर्ति स्वरुप रकम भुक्तानी गर्नु पर्नेछ।

क्षतिपूर्ति रकम गणना गर्ने विधि

= [०.८ × सो महिना कम्पनीबाट प्राधिकरणलाई आपूर्ति हुनु पर्ने बढीमा कन्ट्याक्ट इनर्जीसम्मको Availability Declaration अनुसारको विद्युत उर्जा - सोही महिनामा कम्पनीले उपलब्ध गराएको उर्जा - सोही अवधिमा प्राधिकरणको कारणले वा Scheduled Outage वा आकस्मिक मर्मत संभार वा काबु बाहिरको परिस्थितिको कारणले आयोजनाबाट उपलब्ध हुन नसकेको उर्जो × सो महिनाको प्रति किलोवाट घण्टा विद्युत उर्जा खरिद दर,

यसरी हिसाब गर्दा क्षतिपूर्ति रकम ऋणात्मक भएमा क्षतिपूर्ति रकमलाई शुन्य मानिने छ। क्षतिपूर्ति रकम बिल रकम भन्दा बढी भएमा बिल रकम भन्दा बढी भएको क्षतिपूर्ति रकम कम्पनीले प्राधिकरणलाई तिर्नु पर्ने छैन।

यस्तो क्षतिपूर्ति रकम प्राधिकरणले बिलको भुक्तानी दिंदा कट्टा गर्न सक्नेछ।

कम्पनीको प्रबन्धपत्रको दफा ४ मा उल्लेख भए अनुसार यस कम्पनीको उद्देश्य देहाय बमोजिम हुनेछ :

१) Hydro Electricity Product को कार्य गर्ने।
२) तल्लो सोलु जलविद्युत आयोजनाको निर्माणमा चाहिने Construction पावरको लागि साना जलविद्युत आयोजना वा Thermal Plant निर्माण र संचालन गर्ने।

६. धितोपत्र जारी गर्नुको उद्देश्य :

कम्पनीले धितोपत्र जारी गर्नुको उद्देश्य निम्न बमोजिम रहेको छ :

१. कम्पनीले धितोपत्र निष्काशनबाट प्राप्त हुने रकमलाई लक्ष्मी सनराइज बैंकबाट लिएको कर्जा भुक्तानी गर्ने।
२. आयोजना प्रभावित क्षेत्रका स्थानीय बासिन्दाहरु, वैदेशिक रोजगारीमा रहेका नेपालीहरु तथा सर्वसाधारण नेपालीलाई कम्पनीको धितोपत्रमा लगानीको अवसर दिने।

७. कम्पनीको पूँजी संरचना सम्बन्धी विवरण :

अधिकृत पूँजी : कम्पनीको अधिकृत पूँजी रु.१०,००,००,००,०००/- (अक्षेरुपी दस अर्ब रुपैंया) रहेको छ। उक्त पूँजीलाई रु.१००/- का दरले १०,००,००,००० (दस करोड) थान साधारण शेयरमा विभाजन गरिएको छ।

जारी पूँजी : कम्पनीको जारी पूँजी रु १०,००,००,००,०००/- (अक्षेरुपी दस अर्ब रुपैंया) रहेको छ। उक्त पूँजीलाई रु.१००/- का दरले १०,००,००,००० (दस करोड) थान शेयरमा विभाजन गरिएको छ।

चुक्ता पूँजी : कम्पनीले आफ्नो जारी पूँजीमध्ये ८,००,००,००० थान शेयर बापतको प्रति शेयर रु.१००/- का दरले जम्मा रकम रु.८,००,००,००,०००/- (अक्षेरुपी आठ अर्ब रुपैंया) कम्पनीको संस्थापक शेयरधनीहरुबाट चुक्ता भईसकेको छ।

८. निष्काशन पछिको चुक्ता पूँजी (समूहकृत गरिएको अवस्थामा सोही अनुरुप) :

कम्पनीको प्रबन्धपत्रको दफा ६ मा उल्लेख भए अनुसार स्थानीय तथा सर्वसाधारणहरुमा साधारण शेयर निष्काशन गरी बाँडफाँड गरे पश्चात् हुने कम्पनीको चुक्ता पूँजीको संरचना देहाय बमोजिम रहेकोछ :

क्र.सं.	विवरण	शेयर कित्ता	चुक्ता रकम (रु.)	पूँजी संरचना	भुक्तानी प्रतिशत
१.	संस्थापक शेयरधनी	८,००,००,०००	८,००,००,००,०००	८०%	शतप्रतिशत
२.	सर्वसाधारण शेयरधनी	२,००,००,०००	२,००,००,००,०००	२०%	बाँकी
	जम्मा	१०,००,००,०००	१०,००,००,००,०००	१००%	शत प्रतिशत

नोट: स्थानीय र सर्वसाधारणहरुलाई बिक्री गरिने शेयर रकम चुक्ता हुन बाँकी रहेको छ।

९. आधारभूत शेयरधनी/संस्थापक/सञ्चालक सम्बन्धी विवरण :

आधारभूत शेयरधनीको विवरण

क्र.सं.	नाम, ठेगाना	पद	उमेर (वर्ष)	राष्ट्रियता	शेयर स्वामित्व (कित्ता)	प्रतिशत	शैक्षिक योग्यता	अनुभव जलविद्युत क्षेत्रको	अनुभव (अन्य क्षेत्रको)
१	श्री गोविन्द लाल संघाई का.जि., का.म.न.पा. वडा नं. २५, काठमाण्डौं	संस्थापक	६१	नेपाली	६५,३१,७००	८.१६%	आई.कम.	-	• श्री पशुपति सिमेन्ट प्रा.लि., अध्यक्ष • नेपाल टी डेभलपमेन्ट कर्पोरेसन, संचालक • त्रिवेणी दाल एण्ड ओएल इन्डस्ट्रिज प्रा.लि., संचालक • त्रिवेणी फिड इन्डस्ट्रिज प्रा.लि., संचालक • त्रिवेणी प्लास्टो पोलिमर्स् प्रा.लि., संचालक • नेपाल लाईफ इन्स्योरेन्स कम्पनी लि., अध्यक्ष
२	श्री राम चन्द्र संघाई	संस्थापक	६४	नेपाली	३९,४४,७००	४.९३%	आई.कम.	-	• त्रिवेणी स्पिनिङ मिल्स् प्रा.लि., अध्यक्ष

(रकम रु. मा)

विवरण	आ.व. २०७८/७९	आ.व. २०७९/८० कम्पनी	आ.व. २०७९/८० समूहकृत	आ.व. २०८०/८१ कम्पनी	आ.व. २०८०/८१ समूहकृत
पूँजी तथा दायित्व					
पूँजी					
शेयर पूँजी	२,६५३,५३४,६९४	४,८८२,७५९,६०४	४,८८२,७५९,६०४	८,०००,०००,०००	८,०००,०००,०००
शेयर अग्रिम	२,३४६,४६५,३०६	११७,२४०,३९६	११७,२४०,३९६		
जगेडा तथा कोष	(२,५१४,६७३)	(२,७७८,६२३)	(२,८६८,०१८)	१५,८९६,३८४	१५,७५३,७२६
पुर्नः मुल्यांकन कोष	-	९५८,५५०	९५८,५५०	९५८,५५०	९५८,५५०
गैर नियन्त्रण ब्याज	-	-	-	-	१९,८९३
जम्मा पूँजी	४,९९७,४८५,३२७	४,९९८,१७९,९२७	४,९९८,०९०,५३२	८,०१६,८५४,९३४	८,०१६,७३२,१६९
दीर्घकालीन दायित्व					
USD अवधि ऋण	११,३६६,८९७,४७१	७,७४८,९८३,८६९	७,७४८,९८३,८६९	७,९८९,२९४,५०६	७,९८९,२९४,५०६
Subordinated ऋण	१,३२२,६६०,२७८	-	-	-	-
NPR अवधि ऋण	२२०,७०७,५००	२२०,७०७,५००	२२०,७०७,५००	१,१९०,१०७,५००	१,१९०,१०७,५००
GURANTCO NPR ऋण	२,७८५,०००,०००	१,४२५,२२०,५००	१,४२५,२२०,५००	१,४२५,२२०,५००	१,४२५,२२०,५००
जम्मा दीर्घकालीन दायित्व	१५,६९५,२६५,२४८	९,३९४,९११,८६९	९,३९४,९११,८६९	१०,६०४,६२२,५०६	१०,६०४,६२२,५०६
चालु दायित्व					
आयकरको प्रावधान				५,७९३,९६८	५,७९३,९६८
खाता तथा अन्य भुक्तानी	६२९,१४८,८३९	२,४३९,७२१,२१४	२,४३९,७४५,१२१	९३५,११०,१०४	९३५,१७८,७६८
कुल चालु दायित्व	६२९,१४८,८३९	२,४३९,७२१,२१४	२,४३९,७४५,१२१	९४०,९०४,०७१	९४०,९७२,७३६
जम्मा पूँजी तथा दायित्व	२१,३२१,८९९,४१४	१६,८३२,८१३,०१०	१६,८३२,७४७,५२२	१९,५६२,३८१,५११	१९,५६२,३२७,४११

नाफा-नोक्सान हिसाब (रकम रु. मा)

विवरण	आ.व. २०७८/७९	आ.व. २०७९/८० कम्पनी	आ.व. २०७९/८० समूहकृत	आ.व. २०८०/८१ कम्पनी	आ.व. २०८०/८१ समूहकृत
विद्युत बिक्रीबाट भएको आम्दानी	-	-	-	-	-
कूल नाफा					
अन्य आम्दानी	४,७७४,३८७	२,७२८,२८१	२,७२८,२८१	३७,३७८,९३८	३७,३७८,९३८
खर्च					
प्रशासकीय खर्च	(९०७,१७६)	(१,५८७,८१७)	(१,६७७,२१२)	(११,४८५,७५८)	(११,५३९,१२८)
ह्रास र प्रशोधन खर्च	(१,२४९,८३०)	(१,४०४,४१४)	(१,४०४,४१४)	(१,४२४,२०५)	(१,४२४,२०५)
आयकर अघिको नाफा	२,६१७,३८१	(२६३,९५०)	(३५३,३४५)	२४,४६८,९७५	२४,४१५,६०५
कर खर्च					
१. चालु कर	-	-	-	-	-
२. स्थगन कर	-	-	-	-	-
आयकरको प्रावधान	-	-	-	५,७९३,९६८	(५,७९३,९६८)
खुद नाफा/(नोक्सान)	२,६१७,३८१	(२६३,९५०)	(३५३,३४५)	१८,६७५,००७	१८,६२१,६३७
अघिल्लो वर्ष सम्म नाफा/(नोक्सान)	(५,१३२,०५४)	(२,५१४,६७३)	(२,५१४,६७३)	(२,७७८,६२३)	-
अल्पसंख्यक ब्याजमा विनियोजन	-	-	-	-	(१०७)
वासलातमा सारिएको मौज्दात	(२,५१४,६७३)	(२,७७८,६२३)	(२,८६८,०१८)	१५,८९६,३८४	१८,६२१,७४४
प्रति शेयर आम्दानी रु.	०.०५	(०.०१)	(०.०१)	-	-
Basic प्रति शेयर आम्दानी रु.	०.०५	(०.०१)	(०.०१)	-	-

आर्थिक वर्ष समाप्त भएको ६ महिना पश्चात् विवरणपत्र स्वीकृतिको लागि पेश गरेमा उक्त अन्तरिम अवधिको लागि लेखापरिक्षकबाट प्रमाणित गरेको अपरिष्कृत वित्तीय विवरण :

वासलात (रकम रु. मा)

विवरण	आ.व. २०८१/८२ आषाढ मसान्त कम्पनी	आ.व. २०८१/८२ आषाढ मसान्त एकिकृत
सम्पत्ति		
गैर चालु सम्पत्ति		
सम्पत्ति, प्लान्ट र उपकरण	४४,२७४,३३५	५६,९४४,२६३
अमूर्त सम्पत्ति	२३९,५९०	२३९,५९०
अन्य गैर चालु सम्पत्ति	-	-
स्थगन कर सम्पत्ति	-	-
विदेशी मुद्राको उतारचढाव खाता	१,६१२,०७०,१९६	१,६१२,०७०,१९६
लगानी	१०,०००,०००	-

(क्रमशः पृष्ठ नं. ४ बाट)

२. कम्पनीले आर्थिक वर्ष २०८२/८३ मा रु २,०००,०००,००० (अक्षेरुपी दुई अर्ब रुपैयाँ) को आईपीओ जारी गरी शेयर पूँजी रु.१०,०००,०००,००० (अक्षेरुपी दश अर्ब रुपैयाँ) पुग्ने प्रक्षेपण गरिएको छ।
३. नेपाल सरकार नियम अनुसार जलविद्युत आयोजनाहरुमा विद्युत उत्पादन भएको मितिले दस वर्षसम्म आयकरमा शतप्रतिशत छुट र अगामी पाँच वर्ष सम्म आयकरमा ५० प्रतिशत छुट हुने व्यवस्था रहेको छ।
४. प्रक्षेपित गरिएको आ.व.मा नेपाल सरकारलाई भुक्तानी गरिने रोयल्टी खर्च विद्युत उत्पादनको अनुमतिपत्र बमोजिम गरिएको छ।
५. आर्थिक वर्ष २०८२/८३ देखि नेपाल विद्युत प्राधिकरणसँगको विद्युत खरिद सम्झौता अनुसार विद्युत बिक्रीबाट हुने आम्दानी आधारमा प्रक्षेपण गरिएको छ।
६. विद्युतको व्यापारिक उत्पादन कम्पनीको प्रक्षेपित व्यापारिक उत्पादन मिति २०८२/०४/२८ गतेलाई आधार मानी बिक्री आम्दानी आ.व. २०८२/८३ को श्रावण २८ देखि प्रक्षेपण गरिएको छ।
७. ह्रासकट्टी खर्च सम्बन्धमा आयोजनासँग प्रत्यक्ष सम्बन्धित प्लान्ट, मेशिनरी एंवम अन्य संरचनाहरुलाई आयोजना संचालन पश्चात् आयोजना अवधि भर Straight Line Method अनुसार ह्रासकट्टी गरिएको छ र अन्य सम्पत्तिहरुको हकमा सम्पतिको Written Down Value Method अनुसार ह्रासकट्टी गरिएको छ।
८. बैंक ऋणको ब्याज गणनाको लागि वैदेशिक ऋणमा बार्षिक शुन्य प्रतिशत र स्वदेशी ऋणमा बार्षिक ८ प्रतिशत औषत ब्याजदर हुनेगरी प्रक्षेपण गरिएको छ।
९. कर्मचारी बोनसको व्यवस्था विद्युत ऐन, २०४९ मा भएको व्यवस्था अनुसार कर अघिको मुनाफाको दुई प्रतिशतका दरले छुट्याईएको छ।
१०. प्रक्षेपित आर्थिक वर्षहरुमा लाभांश वितरण नगरिने प्रक्षेपण गरिएको छ।
११. बीमा खर्च प्रति वर्ष ७ (सात) करोड रुपैयाँ रहने प्रक्षेपण गरिएको छ।
१२. सामाजिक उत्तरदायित्व अन्तर्गत कर अघिको मुनाफाबाट एक प्रतिशत छुट्याउने व्यवस्था गरिएको छ।
१३. संचालन तथा मर्मत खर्च अन्तर्गत विद्युत बिक्रीबाट हुने आम्दानीको चार प्रतिशत रहने र प्रत्येक वर्ष एक प्रतिशतले वृद्धि हुने प्रक्षेपण गरिएको छ।
१४. प्रवर्द्धित आयोजनाको मा उल्लेखित व्यापारिक उत्पादन शुरु हुनुपर्ने (Required Commercial Operation Date, RCOD) मिति गुज्रिसकेको र अनुमानित विद्युत उत्पादन मिती २०८२/०४/२८ रहेको छ। विद्युत खरिद बिक्री सम्झौता (Power Purchase Agreement, PPA) कोदफा ४(घ)(२) मा भएको व्यवस्था "(०.२८ × कन्ट्र्याक्ट इनर्जीको आधारमा गणना गर्दा आउने व्यापारिक उत्पादन शुरु गर्नु पर्ने मिति भन्दा ६ महिनापरको मिति देखि व्यापारिक उत्पादन शुरु हुने मिति बीचको दिन अन्तरको अवधिको उर्जा × व्यापारिक उत्पादन शुरु हुने मिति (COD) मा लागू हुने खरिद दर)

वा

ऋण सम्झौता अनुसार उक्त अवधिको ब्याज मात्र तिर्नका लागि पुग्ने रकमबाट (०.१७× कन्ट्र्याक्ट इनर्जीको आधारमा गणना गर्दा आउने व्यापारिक उत्पादन शुरु गर्नु पर्ने मिति भन्दा ६ महिनापरको मिति देखि व्यापारिक उत्पादन शुरु हुने मिति बीचको दिन अन्तरको अवधिको उर्जा × व्यापारिक उत्पादन शुरु हुने मिति (COD) मा लागू हुने खरिद दर) घटाउँदा हुन आउने रकम मध्ये जुन घटी हुन्छ।"
पहिलो व्यवस्था अनुसार : रु.१,७९२,९२८,२९३
दोस्रो व्यवस्था अनुसार : रु. (८०१,६५२,९३१)
विद्युत खरिद बिक्री सम्झौता (Power Purchase Agreement, PPA)दफा ४(घ)(२) मा भएको दोस्रो व्यवस्थामा अनुसार नकारात्मक आएकाले व्यापारिक उत्पादन शुरु हुनुपर्ने मिति गुज्रिसकेका अवस्था पनि हर्जना तिर्नु नपर्ने देखिन आएको।

१४. अर्न्तनिहित जोखिम तथा सो को व्यवस्थापनको लागि व्यवस्थापनको धारणा :

(क) **वित्तीय साधनको अभावबाट हुने जोखिम** : आयोजनाको निमार्ण कार्य सम्पन्न भई सकेको कारण वित्तीय साधनको अभावबाट हुने जोखिम नरहेका।
(ख) **कच्चा पदार्थको अभावबाट हुने जोखिम** : जलश्रोतको मुहानमा वातावरणमा अप्रत्याशित रुपमा परिवर्तन भई पानीको श्रोत घट्न गएमा उत्पादन क्षमता घट्न सक्ने।
(ग) **उत्पादन तथा सेवाको बजार स्थिति र यसमा आउने परिवर्तनबाट हुने जोखीम** : हालको अवस्थामा विद्युतको बजारको जोखिम नरहेको।
(घ) **आयोजना सम्पन्न हुन ढिलाई हुने सम्भावना र त्यसबाट हुने मूल्य अभिबृद्धि (Cost Overrun) को जोखीम** : आयोजनाको निमार्ण कार्य सम्पन्न भई सकेको हुनाले मूल्य अभिवृद्धिको जोखिम नरहेको।
(ङ) **विदेशी विनीमयको जोखिम** : कम्पनी र नेपाल विद्युत प्राधिकरण बिच सम्पन्न भएको विद्युत खरिद बिक्री सम्झौताको दफा १३ मा उल्लेखित बमोजिम व्यापारिक उत्पादन मिति (Commercial Operation Date) देखि १० वर्षसम्म कम्पनीले बुझाएको बिलको ५% प्रतिशत भुक्तानी विदेशी मुद्रा अमेरिकी डलरमा गरिने तथा सोही दफामा उल्लेखित खरिद दर अनुसार नेपाली रुपैयाँमा प्राप्त बिलको भुक्तानी गर्दा अमेरीकी डलरको तुलनामा नेपाली रुपैयाँ (मिति २०७०/०७/१२ को नेपाल राष्ट्र बैंकबाट प्रकाशित) को बिक्री दर रु.९८.६८ प्रति अमेरिकी डलरमा स्थिर राखिएकोले विदेशी विनीमयको जोखिम नरहेको।
(च) **कानूनी प्रकृयाहरु तथा ईजाजत प्राप्त गर्नु पर्ने सो बाट पर्न सक्ने अवरोधहरु** : हाल कम्पनीले पुरा गर्नुपर्ने सम्पूर्ण कानूनी प्रक्रियाहरु पूरा गरिसकेको र प्राप्त गर्नुपर्ने सम्पूर्ण इजाजत पत्रहरु प्राप्त गरी सकेकोले सो जोखिम नरहेको।
(छ) **क्षेत्रीयकरण र विश्वब्यापीकरण (Globalization) का कारणबाट उत्पन्न हुन सक्ने जोखिम** : क्षेत्रीयकरण र विश्वव्यापीरकण (Globalization) का कारणबाट उत्पन्न हुन सक्ने जोखीम निम्नकारणले नरहेको :
- आयोजनाको निर्माण कार्य सम्पन्न भइसकेको।
- कम्पनी र नेपाल विद्युत प्राधिकरण बिच भएको विद्युत खरिद बिक्री सम्झौताले कम्पनीको स्थिर आयको सुनिश्चितता गरेको।
- कम्पनी र कन्ट्र्याक्टरहरु बीच सम्पन्न भएको सम्पुर्ण ठेक्का सम्झौता निश्चित रकम र समयका लागि भएको।
- आयोजनाको इलेक्ट्रोमेकानिकल उपकरणहरु जडान भईसकेको र निमार्णको क्रममा रहेको संरचनालाई आवश्यक पर्ने संशाधनहरु स्वदेशमा नै उपलब्ध हुने भएकोले।

ज) **सरकारी नीति तथा नियमहरुमा हुने परिवर्तन तथा विश्वब्यापी रुपमा हुने नीतिगत परिवर्तनबाट हुने जोखिम** :
- नेपाल सरकारको जलविद्युत सम्बन्धी आर्थिक तथा वित्तीय नीति नियममा हुने परिवर्तनबाट श्रृजना हुन सक्ने जोखिमहरु।
- कर, भन्सार आदि सम्बन्धी ब्यवस्थामा परिवर्तन भएमा श्रृजना हुन सक्ने जोखिमहरु।

(झ) **संचालन इतिहासको अभाव** : कम्पनीको उच्च व्यवस्थापन तहमा रहेका कर्मचारीहरुसँग विभिन्न जलविद्युत आयोजना र पुर्वाधार आयोजना निर्माणको प्रयाप्त अनुभव भएकाले यस्तो जाखिम नरहेको।
(ञ) **प्रविधिको परिवर्तनबाट हुन सक्ने जोखिम** : कम्पनीले तोकिएको मापदण्ड अनुसारका उपकरणहरु खरिद गरी जडान गरी सकिएको छ। जलविद्युत आयोजनाको लागि आवश्यक उपकरण जडान गरे पश्चात् लामो समयसम्म संचालनमा रहने र यस्ता उपकरणको Insurance गरिने हुँदा, यी उपकरणहरुको पुनर्स्थापना गर्न सहज हुने भएकोले जलविद्युत आयोजनामा प्रविधि परिवर्तनबाट जोखिमको संभावना न्युन भएको।
(ट) **अन्य** :
- प्राकृतिक प्रकोपको तथा काबु बाहिरका परिस्थितिका कारणबाट आयोजनाका संरचनाहरूमा क्षती पुग्न गएमा।
- अप्रत्याशित रूपमा वातावरणमा परिवर्तन भई पानीको श्रोत घट्न गएमा उत्पादन क्षमता घट्न सक्नेछ।

सम्भावित आर्थिक जोखिमहरुलाई न्यूनीकरण गर्न व्यवस्थापनले निम्न उपायहरु अवलम्वन गर्दै जानेछ।
नेपालमा उर्जा शक्तिको माग धेरै र आपूर्ति न्यून रहेको र नेपाल जलश्रोतको धनी देश भएकोले अन्य उर्जाको श्रोत भन्दा भरपर्दो श्रोत पानी हो। तसर्थ उर्जाका लागि जलविद्युतको आवश्यकता र महत्व कहिल्यै कम नहुने हुँदा जलविद्युतको लगानीमा न्यून जोखिम रहको व्यवस्थापनको धारणा रहेको छ। साथै उर्जा बिभिन्न श्रोतबाट प्राप्त गर्न सकिन्छ। जस्तैः सौर्य शक्ति, डिजेल, कोइला, जलश्रोत इत्यादी। यस मध्ये पानीबाट उत्पादन हुने जलविद्युत नविकरणीय उर्जा भएकोले जलविद्युत आयोजनाहरुले वातावरणमा नकारात्मक प्रभाव पार्दैन। त्यसकारण उर्जाका अन्य श्रोतहरुभन्दा पानीबाट उत्पादन हुने जलविद्युतले वातावरणीय हानी नहुने र यसको लागत अन्य उर्जाभन्दा तुलनात्मक रुपमा कम रहने हुँदा अन्य श्रोतबाट उत्पादन हुने विद्युतभन्दा पानीबाट उत्पादन हुने जलविद्युत आयोजनाहरुमा जोखीम नरहेको धारणा व्यवस्थापकको रहेको छ। साथै उपरोक्त सम्भावित जोखिमहरुलाई न्यूनीकरण गर्न उपकरणहरुको ह्रास खर्चको व्यवस्थाको साथै केन्द्र र आयोजनाका आवश्यक संरचना, मेसिन, औजार र उपकरणहरुको जोखिमलाई न्यूनीकरण गर्न र आयोजना बन्द भएमा बन्द भएको अवधिको नोक्सान वापतको लागि निम्न बमोजिमको बीमा गरिएको छ। कम्पनीको संभावित नोक्सानी तथा अग्नि बीमा देहाय बमोजिमको इन्सुरेन्स कम्पनी लि.मा निम्न रकम बराबरको बीमा गरिएको छ।

बीमा कम्पनीको नाम	जोखिमको किसिम	बीमाङ्क रकम (रु.)	प्रिमियमको रकम (रु.)
श्री शिखर इन्सुरेन्स कम्पनी लि.	सामूहिक दुर्घटना बिमा- (GPA)	११४,६००,०००	१८३,३६०
श्री शिखर इन्सुरेन्स कम्पनी लि.	सामूहिक स्वास्थ्य बिमा (GME))	-	३,०७,५००
श्री ओरियण्टल इन्स्योरेन्स कम्पनी लि.	समुन्द्री बीमा (Marine Insurance)	४९,९५,३१,१८६.१४	४,९६,७५६.४२
श्री ओरियण्टल इन्स्योरेन्स कम्पनी लि.	कन्ट्याक्टर अल रिक्स पोलिसि (Contactor's All Risk Policy (CAR))	३,७५,००,००,०००	५,०८,२६,६४९.४८
श्री ओरियण्टल इन्स्योरेन्स कम्पनी लि.	सम्पत्ति बीमालेख	१४,४४,००,००,०००	५,७१,१०,२२०
श्री शिखर इन्सुरेन्स कम्पनी लि.	सवारी साधन बीमा	१,४३,२६,७७८	१,६३,०३६.४८

धितोपत्र मूल्य परिवर्तन सम्बन्धी जोखिम :
प्रति शेयर अंकित मूल्य रु.१००/- दरले निष्काशन गरिएको शेयर मूल्यले सूचीकरण पश्चात् नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा हुने कारोवार मूल्य नजनाउने भएकोले शेयर मूल्यमा हुन सक्ने परिवर्तनको जोखिम रहेको छ।

१५. सकारात्मक पक्षहरु :

१. आयोजनाबाट प्राप्त हुने आयमा १० वर्ष आयकर छुट तथा सो पश्चात् ५ वर्षसम्म ५० प्रतिशत आयकर छुट प्राप्त भएको हुँदा लाभांश दर बढी रहेको।
२. कम्पनीसँग दक्ष युवा जनशक्ति रहेकोले यो कम्पनी नेपालमा जलविद्युत आयोजनाको विकास र निर्माणको काममा सफल रहेको।
३. नेपाल विद्युत प्राधिकणलाई बिक्री गरेको विद्युतको भुक्तानी मध्ये ५५% कम्पनीले अमेरिकी डलरमा COD कायम भएको मितिले १० वर्षसम्म प्राप्त गर्ने।
४. आयोजना निर्माणका लागि बुँदा नं. ग (१६) बमोजिमनिम्न अनुसार ऋण सहुलियत प्राप्त गरेको।

क्र.सं.	वित्तीय संस्थाको नाम	वित्तिय संस्था सम्बन्धित देशको नाम	कर्जा रकम अमेरिकी डलरमा	विनिमय दर रु.*	नेपाली रुपैयाँमा	प्राप्त भएको कर्जा सहुलियत	प्राप्त हुन बाँकी कर्जा सहुलियत
१	Nederlandse Financierings Maatschappij Voor Ontwikkelingslanden N.V.	नेदरल्याण्ड	५४,६३९,४०३	११०.५५	६,०४०,५७१,८४६	२,४१६,२२८,७३८	१,१९३,०१२,९४०
२	Deutsche Investitions- und Entwicklungsgesellschaft mbH	जर्मनी	२४,८६६,४४६	११०.५७	२,७४९,५१२,६०८	१,०९९,८०५,०४३	५४३,०२८,७४०
३	The OPEC Fund for International Development	अष्ट्रिया	१९,८९३,१५७	११०.६१	२,२००,४३५,११३	८८०,१७४,०४५	४३४,५८५,९३५
४	Nederlandse Financierings Maatschappij Voor Ontwikkelingslanden N.V	नेदरल्याण्ड	१२,५००,०००	१०५.८१	१,३२२,६६०,२७८	१,३२,२६,६०,२७८	-
५	GUARANTCO Ltd.	मरिसस्	२२,६४९,८५४	१२२.९६	२,७८५,०००,०००	२,७८५,०००,०००	-
	जम्मा		१३४,५४८,८६०		१५,०९८,१७९,८४५	८,५०३,८६८,१०४	२,१७०,६२७,६१५

* कम्पनीलाई विभिन्न समयमा किस्तामा कर्जा प्राप्त भएकोले अमेरिकी डलर र नेपाली रुपैयाँ बिचको विनिमय दर औषतमा राखिएको।

५. अन्तराष्ट्रिय वित्तिय संस्था FMO, DEG, OFID/Guarantco Ltd. बाट प्राप्त ऋणमा कुनै ब्याज नरहेको।
६. जलविद्युतको क्षेत्रमा अध्ययन अनुसन्धान तथा विकास कार्यमा योजनाबद्ध ढंगले समर्पित भएर काम गरिरहेको यस कम्पनीको भविष्य उज्ज्वल रहेको।

१६. धितोपत्रको बाँडफाँड, फिर्ता भुक्तानी तथा सूचीकरण सम्बन्धी विवरण :

१. **अत्याधिक माग वा न्यून माग भएको अवस्थामा बाँडफाँडको प्रकृया** : स्वीकृत विवरण पत्र मार्फत जारी गरिएकोसाधारण शेयर संख्या भन्दा बढी संख्यामा साधारण शेयर खरिदको लागि दरखास्त प्राप्त हुन आएमा नेपाल धितोपत्र बोर्डको प्रचलित "धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४" मा भएको व्यवस्था अनुसार साधारण शेयरहरु बाँडफाँड गरिनेछ र शेयर बाँडफाँड सम्बन्धी सूचना राष्ट्रिय स्तरको दैनिक पत्रिकामा प्रकाशित गरिनेछ। शेयर बाँडफाँड गर्दा निम्न प्रकृया द्धारा गरिने छ।
क. धितोपत्र बाँडफाँड गर्दा सर्वप्रथम सबै आवेदकलाई दश कित्ताको दरले धितोपत्र बाँडफाँड गरिनेछ।
ख. बुँदा नं. क बमोजिम बाँडफाँड गरे पश्चात् बाँकी रहेको निष्काशित धितोपत्र बीस वा सो भन्दा बढी कित्ता आवेदन गर्ने आवेदकहरूलाई पुनः दश कित्ताका दरले धितोपत्रको बाँडफाँड गर्नुपर्नेछ।
ग. बुँदा नं. ख बमोजिम धितोपत्र बाँडफाँडको प्रक्रिया सम्मन्न भएपश्चात धितोपत्र बाँकी भएमा सोही प्रक्रिया अपनाई बाँडफाँड गर्नु पर्नेछ।
घ. स्वीकृत विवरण पत्र मार्फत निष्काशित धितोपत्रको बाँडफाँड गर्दा धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४ को अनुसूची-२ बमोजिमको नमूना बमोजिम गरिनेछ। उपरोक्तानुसार शेयर बाँडफाँड गर्दा १० कित्ताका दरले सबै आवेदकहरुलाई बाँडफाँड गर्न अपुग हुने अवस्थामा न्यूनतम दश कित्ता पाउने गरि गोला प्रथाबाट आवेदक छनौट गरी गरिने छ।
ङ. धितोपत्र बाँडफाँड गर्दा बोर्डबाट सहमति प्रदान गरिएको सफ्टवेयर प्रयोग गर्नु पर्नेछ।
च. कम्पनीका कर्मचारीहरुलाई शेयर बाँडफाँड गर्दा कम्पनीको संचालक समितिको निर्णय बमोजिम गरिनेछ।
छ. स्थानीय बासिन्दाका, वैदेशिक रोजगारीमा रहेका नेपालीहरु, कर्मचारी तथा सामूहिक लगानी कोषका लागि निष्काशन गरिएको शेयर बिक्री नभई बाँकी रहन गएको अवस्थामा सर्वसाधारणलाई शेयर निष्काशन गर्दा सो शेयर समेत थप गरी निष्काशन गरिनेछ। साथै, सर्वसाधारणलाई शेयर निष्काशन गर्दा न्यून माग भएको अवस्थामा माग भए बमोजिमको शेयर आवेदकलाई बाँडफाँड गरी बाँडफाँड हुन बाँकी रहेको शेयर संगठित संस्था र प्रत्याभूतीकर्ता विच भएको प्रत्याभुत सम्बन्धी सम्झौता बमोजिम प्रत्याभूतकर्ताले खरिद गर्नेछ।
ज. शेयर बाँडफाँडको जानकारी बाँडफाँड गरेको भोलीपल्टसम्ममा बोर्ड, धितोपत्र बजार तथा सर्वसाधारणलाई जानकारी गराइने छ।
२. **अत्याधिक माग भएको वा बाँडफाँड नभएको अवस्थामा फिर्ता भुक्तानी सम्बन्धी व्यवस्था**: शेयर बिक्री बन्द भएको मितिले धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४ मा व्यवस्था भएको समयभित्र शेयर बाँडफाँड गरे पश्चात् भौतिक आवेदन फाराम मार्फत आवेदन गरेकाको हकमा बाँडफाँडमा नपरेको रकम आवेदनकर्ताले आवेदन फाराममा उल्लेख गरेको बैंक खातामा सोझै जम्मा हुने गरी IPS मार्फत फिर्ता भुक्तानी दिने व्यवस्था मिलाईने छ। आस्वा प्रणाली मार्फत आवेदन दिएका आवेदनकर्ताहरुको हकमा शेयर बाँडफाँड गरी पूर्ण वा आंशिक रुपमा स्वीकृत र अस्वीकृत भएको व्यहोरा उल्लेख गरी धितोपत्र खरिद (सार्वजनिक निष्काशन) सम्बन्धी निर्देशिका, २०७३ मा भएको व्यवस्था बमोजिमको विवरण सम्बन्धित आस्वा (ASBA) सदस्य बैंक तथा वित्तीय संस्थाहरुलाई उपलब्ध गराईनेछ र सोही विवरणका आधारमा सम्बन्धित आस्वा सदस्य बैंक तथा वित्तीय संस्थाहरुले बाँडफाँडमा नपरेको शेयर वापतको रकम सम्बन्धित आवेदकहरुको रोक्का रहेको बैंक खाता फुकुवा हुने व्यवस्था मिलाईने छ।
३. **निवेदन साथ प्राप्त रकमको फिर्ता भुक्तानीमा ढिलाई भएमा दिइने ब्याजदर** : धितोपत्र निष्काशन निर्देशिका तथा बाँडफाँड निर्देशिका, २०७४ ले निर्धारित गरेको समयभित्र शेयरको बाँडफाँड-पत्र तथा रकम फिर्ता भुक्तानी दिन नसकिएमा सो निर्देशिकाको दफा २९को उपदफा ३ मा भएको व्यवस्था बमोजिम शेयर बिक्री बन्द भएको मितिदेखि रकम फिर्ता भुक्तानी दिन शुरु गरेको अघिल्लो दिनसम्मको सरकारी ऋणपत्रको प्रचलित अन्तिम व्याजदरको आधारमा हुन आउने व्याज सहित हिसाब गरी रकम फिर्ता भुक्तानी गरिनेछ। उपरोक्त व्यवस्था आस्वा (ASBA) सदस्य बैंक तथा वित्तीय संस्थाबाट आवेदन दिने आवेदकहरुको हकमा लागु हुने छैन।
४. **धितोपत्रको बाँडफाँड तथा प्रमाणपत्र जारी सम्बन्धी प्रकृया र समयावधी** : निष्काशन गरिने साधारण शेयर प्रचलित धितोपत्र निष्काशन निर्देशिका तथा प्रचलित शेयर बाँडफाँड सम्बन्धी व्यवस्था अनुसार साधारण शेयरको बाँडफाँड गरी तोकिएको समयावधि भित्र डिम्याट खाता भएका शेयरधनीलाई सन्बन्धित खातामा जम्मा गरिनेछ र डिम्याट खाता नभएका शेयरधनीलाइ शेयर प्रमाणपत्र वितरण गरिनेछ।
५. **धितोपत्र सूचिकरण भैसकेको भए त्यस्तो धितोपत्र सूचिकरण गरिएको धितोपत्र बजारको नाम धितोपत्र कारोवार शुरु हुनको लागि संगठित संस्थाले पूरा गर्नुपर्ने शर्तहरु सम्बन्धी विवरण** : सो नभएको।
६. **धितोपत्र सूचिकरण भैनसकेको भए, संगठित संस्थाले निष्काशन तथा बिक्री गरिने धितोपत्रहरु प्रचलित ऐन, नियम अनुसार सहज खरिद/बिक्री वा विनिमय हुन सक्ने गराउनको लागि गरिने व्यवस्था सम्बन्धी विवरण** : स्वीकृत विवरणपत्र अनुसार जारी गरिएको साधारण शेयरहरु धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४ मा भएको व्यवस्था अनुसार बाँडफाँड गरी दोस्रो बजारमा कारोवार हुने व्यवस्थाको लागि नेपाल स्टक एक्सचेञ्जमा सूचीकरण गराई कारोवार हुने व्यवस्था मिलाइनेछ।

१७. आवेदन दिंदा पालना गर्नुपर्ने शर्त बन्देजहरु जस्तै एक भन्दा बढी दरखास्त दिन नपाइने, लगानीकर्ताको पहिचानको लागि नागरिकता/जन्मदर्ताको प्रमाणित प्रमाणपत्रको प्रतिलिपि पेश गर्नुपर्ने वा धितोपत्र दलाल व्यवसायीले दिएको ग्राहक परिचय पत्र र सम्बन्धित व्यवसायीको नाम खुलाउनुपर्ने र बैंक खाता मार्फत कारोबार गरिनुपर्ने जस्ता पक्षहरु :

१. कुनै पनि नेपाली नागरिकले स्वीकृत विवरणपत्र अनुसार जारी गरिने शेयर खरिद गर्न आवेदन दिन सक्नेछन्।
२. आवेदकले सि-आस्वा प्रणालीबाट आफ्नो खाता रहेको बैंक तथा वित्तीय संस्था मार्फत मात्र आवेदन दिनुपर्नेछ।
३. आवेदकले आवेदन दिनु पूर्व आफ्नो खाता रहेको सम्बन्धित बैंक तथा वित्तीय संस्थामा गई धितोपत्रको सार्वजनिक निष्काशनको केन्द्रिकृत विद्युतिय सेवा कार्य सञ्चालन निर्देशिका, २०७४ को अनुसूचि ४ बमोजिमको सि-आस्वा रजिष्ट्रेशन फाराम भरी CRN नं. लिनु पर्नेछ।
४. आवेदकको बैंक खातामा भएको विवरण र अनुसूचि ४ मा उल्लेख गरेको विवरण मिल्नु पर्नेछ।
५. आवेदकले CRN नं. प्राप्त गरे पश्चात् शेयर खरिदका लागि तोकिएको ढाँचामा सम्बन्धित बैंक तथा वित्तीय संस्थामा धितोपत्र खरिदका लागि आवेदन दिनुपर्नेछ।
६. आवेदकले आवेदन फाराममा उल्लेख गरेको हितग्राही परिचय नं. र अन्य विवरण सि-आस्वा सफ्टवेयरमा रहेको आवेदकको हितग्राही खाता र अन्य विवरणसंग रुजु हुनु पर्नेछ।
७. आवेदकले आवेदन फाराम बुझाउँदा देहायका कुराहरुमा विशेष ध्यान दिई स्पष्टसंग आवेदन फाराम भरी बुझाउनु पर्नेछ :
क. धितोपत्र निष्काशन कर्ता कम्पनीको नाम।
ख. आवेदकको नाम, थर, ठेगाना, नागरिकता नं., दस्तखत, सम्पर्क फोन नं., इमेल ठेगाना।
ग. नावालक र विक्षिप्त व्यक्तिको हकमा संरक्षकको नाम, थर र नाता।
घ. खरिद गर्न चाहेको धितोपत्रको संख्या - अंक र अक्षरमा।
ङ. खरिद गर्न चाहेको धितोपत्र वापतको रकम - अंक र अक्षरमा।
च. आवेदकको खाता रहेको बैंकको नाम, ठेगाना, खाता नं. र खाताको किसिम।
छ. आवेदकको हितग्राही-डिम्याट खाता नम्बर।
८. आवेदकहरुले आवेदन दिंदा सि-आस्वा सदस्य बैंकहरुमा रहेको आवेदन वापतको रकम रोक्का राखिने खाता अन्य कुनै प्रकारले रोक्का रहेको वा निष्क्रिय (Dormant) रहेको हुनु हुदैन।
९. आवेदन दिएको रकम बरावरको रकम खातामा हुनु पर्नेछ।
१०. एक व्यक्तिले आफुले खरिद गर्न चाहेको साधारण शेयरको लागि एक भन्दा बढी दरखास्त दिने पाइने छैन। यदि एक व्यक्तिको नाममा एक भन्दा बढी आवेदन प्राप्त हुन आएमा सम्पूर्ण दरखास्तलाई रद्द गरिनेछ।
११. धितोपत्र खरिदको लागि दरखास्त दिंदाको अवस्थामा वा दरखास्त दिईसकेपछि खरिद गरेको धितोपत्र वापतको रकम भुक्तानी नहुँदै प्रचलित कानून बमोजिम अधिकार प्राप्त अधिकारी वा निकायबाट लगानीकर्ताको खाता रोक्का राख्ने आदेश प्राप्त भएमा निष्काशन तथा बिक्री प्रबन्धकले त्यस्तो दरखास्त फारामलाई आदेश बमोजिम गर्नेछ।
१२. धितोपत्र बाँडफाँड गर्नु पूर्व अख्तियार प्राप्त निकायबाट कुनै लगानीकर्ताको खाता रोक्का राख्न आदेश वा निर्देशन प्राप्त भएमा सम्बन्धित बैंक वा वित्तीय संस्थाले त्यस्तो आदेश वा निर्देशन अनुसार सम्बन्धित लगानीकर्ताको खाता रोक्का गरी त्यसको जानकारी तुरुन्त निष्काशन तथा बिक्री प्रबन्धकलाई दिनुपर्नेछ।
१३. सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडबाट उपलब्ध गराईएको "मेरो शेयर" सफ्टवेयरबाट पनि आवेदकले आवेदन गर्न सक्नेछन्। त्यसका लागि आवेदकले आफ्नो हितग्राही खातामा बैंक खाताको विवरण उल्लेख गरिसकेको हुनु पर्नेछ र सम्बन्धित बैंक तथा वित्तीय संस्थाबाट CRN नं. लिईसकेको हुनु पर्नेछ।
१४. शेयरको बाँडफाँड गरी सूचिकरण भए पश्चात् बाँडफाँडमा परेका आवेदकहरुलाई बाँडफाँडमा परेको शेयर निजहरुको हितग्राही खातामा जम्मा गर्ने व्यवस्था गरिनेछ।
१५. संगठित संस्थाले प्रारम्भिक सार्वजनिक निष्काशन मार्फत जारी गरेको शेयर खरिदका लागि प्राकृतिक व्यक्तिले मात्र दरखास्त दिन सक्नेछ। तोकिएको अवधिभित्र बिक्री नभएमा सङ्गठित संस्था वा प्रचलित कानून बमोजिम स्थापना भएका संस्थाले त्यस्तो शेयर खरिद गर्न सक्नेछ।
१६. आयोजना प्रभावित क्षेत्रका बासिन्दाहरु तथा नेपाल सरकारको सम्बन्धित नियकायबाट श्रम स्वीकृति प्राप्त गरी विदेशमा बसी रोजगार गरिरहेको नेपाली नागरिकले शेयर खरीद गरेमा सर्वसाधारणका लागि सार्वजनिक निष्काशन गरिने साधारण शेयरको लागि पुनः आवेदन दिन पाउने छैनन्।

१८. नियमावली, प्रबन्धपत्र प्राप्त गर्ने वा हेर्न सक्ने ठाउँ, भुक्तानी गर्ने तरिका, लिनुपर्ने न्यूनतम धितोपत्र संख्या र सोभन्दा माथि लिने भएमा कुन गुणांकमा लिन सक्ने हो सो सम्बन्धी विवरण:

क. यस कम्पनीको प्रबन्धपत्र तथा नियमावली कार्यालय समयभित्र कम्पनीको रजिष्टर्ड कार्यालय, वडा नं.२८, पुतलीसडक, त्रिवेणी कम्पलेक्स, काठमाण्डौं वा धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक नबिल इन्भेष्टमेन्ट बैंकिङ्ग लिमिटेडको कार्यालय, नक्साल, काठमाण्डौं र हिमालयन क्यापिटल लिमिटेडको कार्यालय, कमलादी, काठमाण्डौंमा सम्पर्क राखि हेर्न वा प्राप्त गर्न सकिनेछ।
ख. स्वीकृत विवरण-पत्र मार्फत निष्काशन गरिने साधारण शेयर खरिदका लागि दरखास्त दिंदा दरखास्तवालाले दरखास्तसाथ आफुले खरिद गर्न चाहेको साधारण शेयर संख्याको प्रति साधारण शेयर रु.१००/- अंकित दरले C-ASBA प्रणाली मार्फत आवेदन दिन सक्ने छन्।
ग. स्वीकृत विवरणपत्र मार्फत निष्काशन गरिने शेयरको लागि दरखास्त दिंदा दरखास्तवालाले न्युनतम १० (दश) कित्ता र १० अंकको गुणाङ्कमा अधिकतम १,००,०००(एक लाख) कित्तासम्म शेयर खरिद गर्नका लागि दरखास्त दिन सकिनेछ।

१९. धितोपत्र निष्काशनबाट प्राप्त पूँजीको उपयोग :

निष्काशनबाट प्राप्त हुने कूल रकमलाई प्रयोग गर्ने क्षेत्र सम्बन्धी विवरण : प्राथमिक शेयर निष्काशनबाट प्राप्त हुने कुल रकम रु.२,००,००,००,०००/- (अक्षेरुपी दुई अर्ब रुपैयाँ) कम्पनीले निम्नानुसारको क्षेत्रमा उपयोग गर्नेछ।

विवरण	रकम रु.
१. कर्जा भुक्तानी	२,००,००,००,०००/-
जम्मा	२,००,००,००,०००/-

२०. विवरणपत्र तथा दरखास्त फाराम प्राप्त गर्ने र बुझाउने स्थानहरु :

सि.नं.	विवरणपत्र प्राप्त गर्ने स्थानको नाम र ठेगाना
१.	नबिल इन्भेष्टमेन्ट बैंकिङ्ग लिमिटेड, नक्साल, काठमाण्डौं र वेवसाइटः www.nabilinvest.com.np
२.	हिमालयन क्यापिटल लिमिटेड, कमलादी, काठमाण्डौं र वेवसाइटः www.himalayancapital.com
३.	सोलु हाइड्रोपावर लिमिटेड, पुतलीसडक, काठमाण्डौं र वेवसाइटः www.soluhydro.com

	दरखास्त फाराम प्राप्त गर्ने र बुझाउने स्थानः
१.	सर्वसाधारणको लागि नेपाल धितोपत्र बोर्डबाट स्वीकृति प्राप्त गरेका सम्पूर्ण आस्वा (ASBA) सदस्य बैंक तथा वित्तीय संस्थाहरु र तिनका तोकिएका शाखा कार्यालयहरु तथा सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडबाट निर्माण गरिएको सफ्टवेयर "**मेरो शेयर**" अनलाइन प्रयोग गरी सि-आस्वा (C-ASBA) प्रणाली मार्फत आवेदन दिन सकिनेछ।

२१. निष्काशन बैंक (Banker to the Issue) सम्बन्धी व्यवस्था :

यस सार्वजनिक निष्काशनको लागि देहायका बैंकलाई निष्काशन बैंक (Banker to the Issue) को रुपमा नियुक्त गरिएको छ।

क्र.सं.	निष्काशन बैंकको नाम, ठेगाना	खाताको नाम	खाता नं.
१.	नबिल बैंक लि., भाटभटेनी, काठमाण्डौं	BTI-NABIL INVESTMENT BANKING LIMITED-SOLU	१३२०१०१७५००३३२

[illegible]

२२. धितोपत्र बिक्री खुल्ला अवधि :

[illegible]

२३. गुनासो सुन्ने र समाधान गर्ने इकाइ :

[illegible]

निष्काशन तथा बिक्री प्रबन्धकहरु:

NABIL INVESTMENT BANKING LTD.
(A Subsidiary of Nabil Bank Ltd.)
नबिल इन्भेष्टमेन्ट बैंकिङ्ग लिमिटेड
तेस्रो तल्ला, सेन्ट्रल प्लाजा, नारायण चौर, नक्साल, काठमाडौं
फोन: ४५११६०४, ४५११६३३
इमेल: info@nabilinvest.com.np
वेबसाइट: www.nabilinvest.com.np

Himalayan Capital
A Subsidiary of Himalayan Bank Limited
हिमालयन क्यापिटल लिमिटेड
पो.ब.नं. ५४५८, कमलादी, काठमाडौं
फोन: ०१-४५७०६७५
इमेल: info@himalayancapital.com
वेबसाइट: www.himalayancapital.com